नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep

# ७

# कोरोना भाइरस (2019-nCoV) acute respiratory disease सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

बुधबार ।२२ माघ २०७६ (५ फेब्रुअरी २०२०)

2019-nCoV पहिलो केस चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो जुन अहिले चीनबाहिर २३ वटा देशहरूमा देखिएको रिपोर्ट गरिएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार 2019-nCoV को सङ्क्रमण, मानव-देखि मानवमा सरेको थप पुस्टि भएको छ । यद्यपि 2019-nCoV केसको मृत्यु दर (Case Fatality Rate) Severe Acute Respiratory Syndrome (SARS) को र Middle East Respiratory Syndrome (MERS) को तुलनामा निकै कम छ।

## 2019-nCoV सम्बन्धी विश्वव्यापी स्थिति:

**विश्वभर**

पुष्टी भएका केसहरू: २०६३०

**चीनमा**

पुष्टी भएका केसहरू: २०४७१

मृत्यु हुनेको संख्या: ४२५

**चीन बाहिर**

अन्य प्रभावित देशहरु: २३

पुष्टी भएका केसहरू : १५९

मृत्यु हुनेको संख्या: १ (फिलिपिन्स)

(* २१ माघ २०७६ सम्ममा)

**WHO जोखिम निर्धारण**

चीन: धेरै उच्च

क्षेत्रीय स्तर: उच्च

विश्वभर: उच्च

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तरराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## 2019-nCoV का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

२३ जनवरी २०२० मा एकजना शङकास्पद विरामीको रगत र न्यालको नमूनाको जाँच गर्दा पुष्टि भएको र तत्पश्चात अन्य १३ वटा संकास्पद बिरामीहरूको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गर्दा १३ जनाको नतिजा रोग नदेखिएको आएको । यस पूर्वको परिक्षण पोजेटिभ देखिएको विरामी स्वस्थ भैसकेको र निजको सम्पर्कमा आएका व्यक्तिहरुमा कुनै लक्षण नदेखिएको । आज कुनै नयाँ संकास्पद केस आएको छैन ।

(* २२ माघ २०७६ सम्ममा, ४:०० बजे) सम्म

| टेष्ट पोजेटिभ | टेष्ट नेगेटिभ | जम्मा: |
|---|---|---|
| १ | १३ | १४ |

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुबिधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवं उपचार सम्बन्धी विहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्म सूचना प्रदान गर्न हटलाईन सेवा **९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४** तोकिएको छ ।
- 2019-nCoV सम्बन्धी सूचनामुलक सामाग्रीहरु मुख्य स्थानहरुमा वितरण गरिनुका साथै रेडियो तथा टेलिभिजन मार्फत संदेशमुलक सुचनाहरु प्रशारण गर्ने कार्यलाई निरन्तरता दिइदै आएको । प्रदेश तथा स्थानीय सरकारले समेत यस सम्बन्धमा सूचना प्रवाह गर्दै आएको ।
- स्वास्थ्य मन्त्रालय, स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रहरू संग नियमित रुपमा समन्वय गर्ने गरेको ।

## प्रदेशबाट 2019-nCoV सम्बन्धी गरिएका तयारी तथा प्रतिकार्यहरु:-

- प्रदेश स्तरमा हेल्थ डेस्कको स्थापना भएको; अस्पतालहरुले अस्पताल विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पार्ने कार्यलाई निरन्तरता; संकास्पद केसको दैनिक प्रतिबेदन मन्त्रालयमा पठाउने व्यवस्था मिलाईएको; मन्त्रालयले तयार पारेका अल्गोरीदम (algorithm) र प्रोटोकल अनिवार्य रुपमा पालना गर्न निर्देशन दिईएको; प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रसंग निरन्तर समन्वयमा रहेको

## 2019-nCoV सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

- 2019-nCoV सम्बन्धी थप श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्ध छ ।

"सामाजिक संजाल एवं आम संचार माध्यमबाट तथ्य परक र यथार्थ संदेशहरु प्रसारण गरिदिनुहुन अनुरोध छ ।"

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सबै क्षेत्रका अधिकारीहरू र साझेदारहरूबाट प्राप्त समर्थन एवं सहयोगलाई धन्यवाद ज्ञापन गर्दछ

**थप विवरणका लागि तल बक्सामा क्लिक गर्नुहोस:**

| | | |
|---|---|---|
| 2019-nCoV IEC | Press Release MoHP | Technical Guidance |
| HUB Hospitals | Audio Visual PSAs | Contacts |
| Situation Reports (all) | Hospital Disaster Preparedness and Response Plans | |

**स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र**

**फोन:** ०१-४२५०८४५, **फ्याक्स:** ०१-४२५०८४२,

**ईमेल:** heocmohp@gmail.com,**वेब:** heoc.mohp.gov.np, **fb:**fb.com/HEOC

**इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखा**

**फोन:** ०१-४२५५७९६, **फ्याक्स:** ०१-४१००२६६,

**ईमेल:** ewarsedcd@gmail.com,**वेब:** edcd.gov.np, **fb:** fb.com/edcdnepal